नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तनहुँ

प्रतिलिपि
२०७७।१२।२५

# नेपाल सरकार
# गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
# तनहुँ

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तनहुँ

## सुचना प्रकाशित मिति २०७७।१२।२४

## मुआब्जा रकम बुझ्न आउने बारे सूचना

नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनी तनहुँ हाईड्रोपावर लिमिटेड अन्तर्गत सञ्चालित तनहुँ जलविद्युत आयोजनाबाट उत्पादन हुने विद्युत राष्ट्रिय प्रशारण प्रणालीमा प्रवाहको लागि निर्माणाधिन दमौली- भरतपूर २२० के.भी. प्रशारण लाईन आयोजनाको लागि तनहुँ जिल्लामा आवश्यक पर्ने टावर निर्माणका लागि अधिग्रहण गरिएका जग्गाहरुको तथा उक्त जग्गामा रहेका रुखविरुवा, फलफूल तथा नोक्सान भएको बालीनालीको क्षतिपूर्ति रकम मुआब्जा निर्धारण समितिको मिति २०७७/०९/१९ गते बसेको बैठकको निर्णयानुसार मिति २०७७।०९।२१ को गोरखापत्रमा प्रकाशित सुचनामा उल्लेख भए बमोजिमका व्यक्तिहरुले मुआब्जा तथा क्षतिपूर्ति रकम बुझ्न जिल्ला प्रशासन कार्यालय, तनहुँमा मिति २०७७/१२/२५ गते देखि तपशील बमोजिमका कागजपत्रहरु लिई आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशील:

१.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
२.जग्गाधनी प्रमाणपत्रको सक्कल प्रति,
३.चालु आर्थिक वर्षमा तिरो तिरेको रसीद,
४.आफ्नो खाता रहेको बैंकको खाता नंबर (यदि मुआब्जामा २ वा सो भन्दा बढी व्यक्तिको हक लाग्ने भएमा संयुक्त खाता नंबर),
५.मृत्यु, वेपत्ता, पूर्ण अशक्तता लगायतका असामान्य कारणहरुले गर्दा सम्बन्धित जग्गाधनी स्वयं उपस्थित हुन नसकेमा सो को प्रमाण र जग्गाधनीसंगको नाता प्रमाणित सहित नजिकको हकवाला(हरु)ले आफ्नो सम्बन्धित वडा कार्यालयको निज(हरु)लाई नै मुआब्जा तथा क्षतिपूर्ति रकम उपलब्ध गराउने भन्ने व्यहोराको सिफारिश पत्र ।
६.नियमानुसार रु.१० को हुलाक टिकट ।

विस्तृत जानकारीको लागि तनहुँ जलविद्युत आयोजनाको मुख्य कार्यालय ऋषिङ्ग १, झापुटार, तनहुँमा सम्पर्क राख्न सकिनेछ ।

फोन नं. ०६५-४१५०००/०१/०२/०३

प्रमुख जिल्ला अधिकारी